**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २८ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- पश्चिम बंगाल सरकारले बङ्गाललाई अवैध घुसपैठबाट मुक्त गर्न सबै प्रयास गरिरहेको छ।
- राष्ट्रपति द्रौपदी मुर्मुले सिक्किमलाई 'पूर्ण साक्षर राज्य' घोषणा गर्नुभएको छ ।
- पश्चिम बंगाल सरकारले अन्नपूर्ण योजनाका लागि ११ पृष्ठको विस्तृत आवेदन फारम जारी गरेको छ।
- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज ईद-उल-अजहाको अवसरमा राज्यका जनतालाई शुभकामना दिनुभएको छ l
- दार्जीलिंगकी निशा गुरुङ एशियन हक्की फेडेरेशन द्वारा प्रतिष्ठित महिला अन्डर 18 एशिया कप 2026 का लागि आधिकारिक जज नियुक्त भएको छ l

**<u>राष्ट्रपति द्रौपदी मुर्मु -सिक्किम 'पूर्ण साक्षर राज्य'</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले सिक्किमलाई 'पूर्ण साक्षर राज्य' घोषणा गर्नुभएको छ । गान्तोकस्थित सिक्किम विश्वविद्यालयको दीक्षान्त समारोहमा राष्ट्रपति मुर्मुले उक्त घोषणा गर्नुभएको हो। यो घोषणा समाजमा सबैका लागि आजीवन शिक्षाको बुझाई -उल्लास पहल अन्तर्गत यो घोषणा गरिएको हो। यो सिक्किमका लागि अर्को महत्त्वपूर्ण उपलब्धि हो र यसले मुख्यमन्त्री प्रेम सिंह तामाङको दूरदर्शी नेतृत्वमा शैक्षिक सशक्तिकरण र समावेशी विकासका लागि राज्यको अटुट प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। शिक्षा मन्त्रालयले राष्ट्रिय शिक्षा नीति २०२० अनुरूप शुरु गरेको यस पहलको उद्देश्य १५ वर्ष र यस भन्दा माथिका व्यक्तिहरूको लागि वयस्क शिक्षा, कार्यात्मक साक्षरता र आजीवन सिकाइलाई बढावा दिनुका साथै निरन्तर सिकाइ र कौशल विकासलाई प्रोत्साहित गर्नु हो।

**<u>राष्ट्रपति - सिक्किम पुलिस</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले आज सिक्किम पुलिसलाई प्रतिष्ठित राष्ट्रपति पुलिस कलर प्रदान गर्नुभयो। अलंकरण परेड गान्तोकको पालजोर स्टेडियममा आयोजित गरिएको थियो। सिक्किम यो पुरस्कार प्राप्त गर्ने देशको १५औँ र पूर्वोत्तर बाट तेस्रो राज्य बनेको छ। कार्यक्रमलाई सम्बोधन गर्नुहुदै राष्ट्रपति द्रौपदी मुर्मुले पुलिस बललाई अझ अधिक नागरिक केन्द्रित हुन आग्रह गर्नुभयो । उहाले पुलिसलाई विशेष गरी महिला , गरिब र बालबालिकासँग व्यवहार गर्दा अधिक संवेदनशील हुन पनि जोड दिनुभयो । सुश्री मुर्मुले भन्नुभयो - पुलिस साइबर अपराध, अनलाइन ठगी, डीप फेक आदिको सामना गर्न तयार हुनुपर्छ। उहाले सिक्किम पुलिसले सबै आधुनिक उपायहरू प्रयोग गरेर यी चुनौतीहरूको सामना गर्ने आशा व्यक्त गर्नुभयो l

**<u>पश्चिम बंगाल सरकार -अन्नपूर्णा योजना</u>**

पश्चिम बंगाल सरकारले अन्नपूर्ण योजनाका लागि ११ पृष्ठको विस्तृत आवेदन फारम जारी गरेको छ। यस योजना अन्तर्गत पात्र महिलाहरूलाई प्रत्येक महिना तीन हजार रूपियाँ आर्थिक सहायता प्रदान गरिनेछ। मुख्यमन्त्री सुवेन्दु अधिकारीले हिज नवन्नामा आयोजित पत्रकार सम्मेलनमा फारम जारी गर्दै भन्नुभयो – आउदो १ जुन देखि सुरु हुने आवेदन प्रक्रिया तीन महिनासम्म चल्नेछ । सरकारले जारी गरेको फारममा निवेदक र उनको सम्पूर्ण परिवारसँग सम्बन्धित विस्तृत विवरण माग गरिएको छ । परिवारका मुखियाको नाम, जन्ममिति, ठेगाना, आधार नम्बर र मोबाइल नम्बर अनिवार्य गर्नुपर्नेछ । यसबाहेक परिवारका सबै सदस्यको नाम, सम्बन्ध, आधार विवरण र अन्य व्यक्तिगत जानकारी पनि भर्नुपर्ने हुन्छ ।फारममा परिवारका

प्रत्येक वयस्क सदस्यको बैंक खाताको जानकारी पनि उपलब्ध गराउनुपर्नेछ । सरकारले बैंक खातासँग आधार लिंक हुन् जरुरी रहेको स्पष्ट पारेको छ। यसका साथै वोटर कार्ड नम्बर, विधानसभा क्षेत्र र सबै सदस्यको पार्ट नम्बरको बारेमा पनि जानकारी मागिएको छ। यदि परिवारसँग डिजिटल राशन कार्ड छ भने त्यसको सम्पूर्ण जानकारी पनि फारममा रेकर्ड गर्नुपर्नेछ। अन्नपूर्ण योजनाको आवेदनमा पनि सम्पत्तिसँग सम्बन्धित जानकारी अनिवार्य गरिएको छ । आवेदकले आफ्नो परिवारको पक्की घर छ कि छैन, कति जमिन छ भन्ने जानकारी दिनुपर्नेछ र जमिनको म्युटेशन र नामंकन को दस्तावेज पनि बुझाउनु पर्नेछ। परिवारको कुनै सदस्यको नाममा चार चक्के वाहन छ भन्ने जानकारी पनि दिनुपर्नेछ।

## पश्चिम बंगाल - मुख्यमंत्री - ईद-उल-अजहा शुभकामना

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज ईद-उल-अजहाको अवसरमा राज्यका जनतालाई शुभकामना दिनुभएको छ I एक सामाजिक सञ्जाल एक्समा एक पोस्ट गर्नुहुदै उहाले सबै जनतामा सुख, शान्ति र समृद्धिको कामना गर्नुभएको छ ।मुख्यमन्त्री शुभेन्दु अधिकारीले इद उल अजहा को पवित्र पर्वले समाजमा भ्रातृत्व, सद्भाव र आपसी एकताको सन्देश दिएको बताउनु भएको छ । उहाले पर्व मनाइरहेका सम्पूर्ण व्यक्ति तथा उनीहरुको परिवारको सुखशान्तिको कामना गर्नुभएको छ । उहाले यस पर्वले आम नागरिकबीच प्रेम, सद्भाव र सामाजिक एकतालाई अझ सुदृढ तुल्याउने अवसर भएको बताउनुभएको छ I

## पश्चिम बंगाल सरकार - अवैध बांग्लादेशी घुसपैठियों - होल्डिंग सेंटर

पश्चिम बंगाल सरकारले अवैध बंगलादेशी घुसपैठहरुका लागि बनाइएको अस्थायी होल्डिङ सेन्टरहरूमा खाना र उपचारको ब्यापक व्यवस्था गरेको छ। राज्य प्रशासनले सीमा सुरक्षा बललाई हस्तान्तरण गर्नुअघि यी घुसपैठहरूलाई मानवीय सुविधाहरू प्रदान गरिने बताएको छ।नवन्नाका एक वरिष्ठ अधिकारीका अनुसार, राज्य सरकारको नयाँ नीति अन्तर्गत अवैध घुसपैठहरूलाई होल्डिङ सेन्टरमा राखिएको छ। त्यसपछि उनीहरूलाई सीमा सुरक्षा बलको नजिकको सीमा चौकीमा हस्तान्तरण गरिनेछ, जहाँबाट उनीहरूलाई उनीहरूको देश फिर्ता पठाइनेछ।मुख्यमन्त्री शुभेन्दु अधिकारीले गत हप्ता अवैध बंगलादेशी घुसपैठकारीलाई अदालतमा पेश नगरिने बताउनु भएको थियो । पहिले उनीहरुलाई उचित खाना उपलब्ध गराएर सीमा सुरक्षा बललाई बुझाउन उहाले पुलिसलाई निर्देश दिनुभएको छ । बंगलादेशी घुसपैठ फिर्ता ल्याउन हाकिमपुर सीमा क्षेत्रमा अस्थायी होल्डिङ सेन्टर स्थापना गरिएको छ। मंगलबार रातिदेखि ठूलो संख्यामा घुसपैठिहरु आइपुगेको समाचार प्राप्त भएको छ। प्रशासनले त्यहाँ खाना र प्राथमिक उपचारको व्यवस्था गरेको छ।

पश्चिम बंगाल - मुख्यमंत्री शुभेंदु अधिकारी -कल्याणी - मायापुर

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज एक पटक फेरी नादिया जिल्लाको भ्रमण गर्नुभयो I मंगलबार कल्याणीमा प्रशासनिक बैठक राखेपछि उहा मायापुर स्थित इस्कोनको भ्रमण गर्नुभयो । मुख्यमन्त्री बनेपछि यो उहाको मायापुर इस्कोनको यो पहिलो भ्रमण हो ।इस्कोन प्रबन्धनको निमन्त्रणामा मुख्यमन्त्री सुवेन्दु अधिकारी आज बिहान हावडाको डुमुरजलबाट हेलिकोप्टरमार्फत मायापुर पुग्नुभयो । उहालाई त्यहाँ साधु सन्तहरूले स्वागत गरे। यसपछि मुख्यमन्त्री सिधै इस्कोनको गौशालामा गए, जहाँ उहाले गौमाताको विशेष पूजामा भाग लिनुभयो ।मुख्यमन्त्री अधिकारीले गौशालामा भएको गौसेवा कार्यक्रममा भाग लिनुका साथै गाईलाई घाँस खुवाउनु भयो तथा मायापुरको मुख्य चन्द्रोदय मन्दिरमा विशेष पूजा र यज्ञ मा भाग लिनुभयो I मुख्यमन्त्रीको यो भ्रमण राजनीतिक वृत्तमा निकै महत्वपूर्ण मानिएको छ । यस अधि बिगत फरवरी महिनामा केन्द्रीय गृहमन्त्री अमित शाह पनि मायापुर इस्कोनको कार्यक्रममा सामेल हुनुभएको थियो I

## पश्चिम बंगाल - सत्ता परिवर्तन कारवाही

पश्चिम बंगालमा सत्ता परिवर्तनपछि पूर्व सत्तारुढ दल तृणमूलका नेता, मन्त्री, पार्षद र निकट अधिकारीहरूमाथि लगातार कार्वाही भइरहेको छ। ९ मई मा शपथ लिनुभएको शुभेन्दु अधिकारी नेतृत्वधिन भाजपा सरकारको १९ दिनमा लगभग दुई दर्जन नेताहरू पक्राउ परेका छन्। भ्रष्टाचार, चन्दा असुली, आर्थिक अनियमितता, चुनाउ पछि हिंसा र अवैध चन्दा असुलीका मुद्दामा राज्यका विभिन्न जिल्लाहरुमा पक्राउ भइरहेका छन्। पुलिस र प्रवर्तन निर्देशनालयको कारबाहीका कारण

कैयौँ प्रभावशाली नेताहरु जेल जानुपरेको छ । सर्वाधिक चर्चित पक्राउ पूर्व दमकल मन्त्री सुजित बोसको पक्राउलाई मानिएको छ । उनलाई नगरपालिका भर्ती भ्रष्टाचारको मामिलामा दक्षिण दमदम नगरपालिकामा अवैध नियुक्तिको सिफारिस गरेको आरोपमा ईडीले ११ मई मा पक्राउ गरेको थियो। विधानसभा चुनावअघि पनि उनलाई कैयौँ पटक सोधपुछका लागि बोलाइएको थियो ।

**अलिपुरद्वार -भ्रष्टाचार - तृणमूल नेता – पक्राउ**

अलीपुरद्वार जिल्लामा एक सय दिने काम (मनरेगा) मा ठूलो मात्रामा भ्रष्टाचार गरेको आरोपमा तृणमूलका एक प्रभावशाली नेता पक्राउ परेका छन्। सामुकतला थाना क्षेत्र अन्तर्गत **माझेरडाबरी** बाट हिज राति पुलिसले मानस राय लाई पक्राउ गरेको छ ।मानस राय युवा तृणमूल कांग्रेसका पूर्व जिल्ला सह-उपाध्यक्ष हुन् पुलिस सुत्र अनुसार उनीविरुद्ध लगभग दस करोड रुपियाँ भ्रष्टाचारको आरोप लागेको छ ।मानस रायले आफ्नी श्रीमतीको पदको दुरुपयोग गरी आफ्नो राजनीतिक प्रभावको प्रयोग गरेर मनरेगा परियोजनामा करोडौं रुपियाँ हिनामिना गरेको आरोप लागेको छ । जिल्ला तृणमूलका धेरै शीर्ष नेताहरूसँग घनिष्ठ सम्बन्धका कारण उनले लामो समयदेखि यो भ्रष्टाचार गर्दै आएको आरोप पनि लगाइएको छ। पुलिसले थप कारवाही शुरु गरेको छ ।

**पश्चिम बंगाल- जासुसी आरोप – पक्राउ**

पश्चिम बंगालको पश्चिम मेदिनीपुर जिल्ला स्थित पिंगलाका दुई व्यक्तिलाई पाकिस्तानी आईएसआईको जासुसी गरेको आरोपमा अदालतले १४ दिनको पुलिस हिरासतमा राखेको छ। आरोपी शेख मुर्सलिन र गौतम खारालाई पश्चिम बंगाल पुलिसको एसटीएफले पक्राउ गरेको छ । मुख्य अभियुक्त गौतम खाराको मोबाइल सिम कार्ड दोकान छ जहाँ उसले ग्राहकको विवरणहरू प्रयोग गरेर सिम कार्ड सक्रिय गर्दछ र अर्का अभियुक्त मुर्सलिनले ती सिम कार्ड नम्बरहरू आईएसआईलाई पठाउँथे। पुलिसले उनीहरुको साथबाट केही मोबाइल र सिमकार्ड जफत गरेको छ । उनीहरुलाई आज कोलकाता ल्याइएको छ ।

**पश्चिम बंगाल - तृणमूल कांग्रेस- मतभेद**

पश्चिम बंगाल विधानसभा चुनाउमा भएको लज्जास्पद हारपछि तृणमूल कांग्रेस भित्रको मतभेद उजागर भएको छ I पार्टी सांसद काकोली घोष दस्तिदारले लोकसभा अध्यक्ष ओम बिरलालाई पत्र लेख्नुहुदै तृणमूल कांग्रेसका सांसद कल्याण ब्यानर्जीमाथि मौखिक उत्पीड़न र महिला द्वेषपूर्ण व्यवहारको आरोप लगाउनु भएको छ I बारासतका सांसद काकोली घोष दस्तिदारले हिज लोकसभा अध्यक्षलाई पठाएको पत्रमा कल्याण ब्यानर्जी विरुद्ध औपचारिक उजुरी दर्ता गर्न अनुमति माग्नु भएको थियो I उहाले कल्याण बनर्जीले लोकसभा भित्र धेरै पटक मौखिक दुर्व्यवहार गरेको र महिला सांसदहरूप्रति उनको व्यवहार अनादरपूर्ण र महिला द्वेषपूर्ण रहेको आरोप लगाउनुभएको छ I

**कालेबुंग -पद्मश्री डा जी एस योन्जन**

पद्मश्री पुरस्कारले विभुषित डा जी एस योन्जन आज कालेबुंग फर्किनु भएको छ I उहाले कालेबुंगमा भनुभयो -पुरस्कार प्राप्तिले मलाई खुशी मात्र होइन तर प्रेरणा पनि मिलेको छ। म पहाड अनि देशको निम्ति अझै केही ठुला कुराहरु गर्छु भन्ने नयाँ विचारहरु पनि लिएको छु। पद्मश्री डाक्टर योन्जनलाई आज कालेबुङवासीद्वारा नौ माइलदेखि स्वागत जनाएर बजार प्रवेश गराइएको थियो। यस अवसरमा जनसाधारणले उहालाई खदार्पण गरेर स्वागत तथा सम्मान जनाएका थिए।

**दार्जीलिंग -हक्की – निशा गुरुङ जज**

विगत लामो समयदेखि पहाडमा अन्य खेल सरह हक्कीमा पनि भविस्य छ भन्ने उदाहरण बनेकी दार्जिलिङकि छोरी निशा गुरुङ एशियन हक्की फेडेरेशनले जापानको काकामिगाहारामा आगामी 29 मईदेखि 7 जुन 2026 सम्म आयोजना हुने प्रतिष्ठित महिला अन्डर 18 एशिया कप 2026 का लागि आधिकारिक जज नियुक्त गरेको छ।गिङ धर्मशाला, गिङ टी इस्टेट, लेबोंग दार्जिलिङ निवासी उनी दार्जिलिङ मोन्टेसरी हाउस अफ चिल्ड्रेनमा शिक्षिकाको रूपमा कार्यरत रहँदै हक्कीप्रति आफ्नो समर्पणलाई निरन्तर अघि बढाइरहेकी छन्। यसको निम्ति उनी मगलबार जापान प्रस्थान गरिसकेकि छन।निशाले आफ्नो

हक्की यात्रा नेपाली गर्ल्स हायर सेकेन्डरी स्कूलबाट सुरु गरेकी थिइन्। कक्षा 7 मा अध्ययनरत हुँदा नै उनले जिल्लाको प्रतिनिधित्व गरेकी थिइन भने सन् 2009 मा उनी नेताजी सुभाषचन्द् स्टेट गेम्समा उपविजेता बनेकी थिइन्।

**पश्चिम बंगाल आँगनबाडी कर्मी अनि सहायिका कल्याण - बार्षिक सभा**

आज सोनादामा पश्चिम बंगाल आँगनबाडी कर्मी अनि सहायिका कल्याण समिति जोर बंगलो सुके पोखरी खण्ड समितिको तेस्रो बार्षिक सभा श्रीमती बिध्यां राईको अध्यक्षतामा सम्पन्न गरियो ।कृष्णकला प्रधान द्वारा संचालित खण्ड समितिका अध्यक्ष श्रीमती फुर्बा किमा शेर्पाले आँगनबाडी कर्मी अनि सहायिकाहरूको भलाईको निम्ति कल्याण समितिको गठन भएको तथा अहिले सम्म समितिले धेरै काम गरिरहेको बताउनु भयो I १६ वटा ग्राम पञ्चायतका आँगनबाडी कर्मी अनि सहायिकाहरुको बाँक्लो उपस्थिति रहेको सभामा वक्ताहरुले बिभिन्न समस्याहरुको समाधानको लागी दार्जीलिंगका सांसद राजु बिस्ट समक्ष दस वटा प्रमुख मांगहरु राखिएको जानकारी दिए I

सिक्किम विश्वविद्यालयको सातौं दीक्षान्त समारोहमा मिरिक- विपाशा खत्री

सिक्किमको राजधानी गान्तोक स्थित मनन केन्द्रमा राष्ट्रपति द्रौपदी मुर्मुको उपस्थितिमा सिक्किम विश्विद्यालयको सातौँ दीक्षान्त समारोहमा मिरिक थाना लाइन शीतला नगर निवासी सुश्री विपाशा खत्रीले कला बिषयमा मास्टर डिग्री प्रथम दर्जामा उत्तीर्ण गरेकीमा स्वर्ण पदक अनि प्रमाणपत्र प्राप्त गरेकी छन् ।

**********